# बागमती प्रदेश अटोमोवाईल्स एसोसिएसनको विधान-२०८१
(Bagmati Province Automobile's Association)

**प्रस्तावना:**
बागमती प्रदेशभित्र मोटरस्पोर्टस, मोटरसाईक्लिङ स्पोर्टस, पावरबोटिङ र कार्टस स्पोर्टसका रेसिङ र्‍याली टुरिङ तथा ई-स्पोर्टस लगाएतका सम्पूर्ण अटोमोवाईल्स सम्वन्धि इभेन्टहरु तथा सम्पूर्ण खेलको विकास, विस्तार तथा व्यवस्थापन गर्ने, अटोमाबाईल मोबिलिटी तथा टुरिजम र रोडसेफ्टिको क्षेत्रमा सक्रिय रहँदै सम्वन्धित विषयमा कार्य गर्न, राष्ट्रिय-अन्तराष्ट्रिय स्तरमा नेपालको सहभागिता बृद्धि गरि अटोमोवाईल्स स्पोर्टस र व्यवसाय, शाहसीक खेलकुद र अटोमोवाईल, मोबीलिटी तथा टुरीजमको माध्यमबाट बागमती प्रदेश तथा राष्ट्रको प्रतिष्ठा अभिबृद्धि गर्न एवं सम्वन्धित खेल र खेलाडीको पेशागत विकासका लागि यसै क्षेत्रमा अभिरुचि राख्ने सबैलाई संगठित गर्न वाञ्छनिय भएकोले बागमती प्रदेश अटोमोवाईल्स एसोसिएसन (Bagmati Province Automobile's Association) को स्थापना गरिएको छ ।

## परिच्छेद - १
## (संक्षिप्त नाम र प्रारम्भ)

### १. संक्षिप्त नाम र प्रारम्भ:
(१) यस विधानको नाम "बागमती प्रदेश अटोमोवाईल्स एसोसिएसनको विधान-२०८१" हुनेछ । छोटकरीमा यसलाई नासा नेपाल बागमती (NASA Nepal Bagmati ) भनिनेछ ।
(२) यो विधान बागमती प्रदेश खेलकुद विकास परिषद्ले स्वीकृति प्रदान गरेको मिति देखि लागू हुनेछ ।

### २. परिभाषा:
विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा:
(क) "एसोसिएसन/संघ" भन्नाले विधानको दफा ३ बमोजिम स्थापना गरिएको एसोसिएसनलाई जनाउनेछ।
(ख) "विधान" भन्नाले बागमती प्रदेश अटोमोवाईल्स एसोसिएसनको विधान २०८१ लाई जनाउनेछ ।
(ग) "साधारण सभा" भन्नाले बागमती प्रदेश अटोमोवाईल्स एसोसिएसनको सर्वोच्च निकायका रुपमा दफा १० बमोजिम स्थापित साधारण सभालाई जनाउनेछ ।
(घ) "कार्यसमिति" भन्नाले प्रदेश कार्यसमिति सम्झनु पर्दछ । सो शब्दले तदर्थ समिति समेतलाई जनाउँछ।
(ङ)"केन्द्रीय एसोसिएसन/संघ" भन्नाले नेपाल अटोमोबाईल्स एसोसिएसन (नासा नेपाल) भन्ने बुझिन्छ ।
(च) "परिषद्" भन्नाले प्रदेश खेलकुद विकास ऐन २०७५ बमोजिम स्थापित बागमती प्रदेश खेलकुद विकास परिषद्लाई जनाउनेछ ।
(छ) "क्लव तथा एसोसिएट" भन्नाले केन्द्रिय संघ अथवा बागमती प्रदेश अटोमोवाईल्स एसोसिएसनमा आवद्ध कानुन अनुसार दर्ता भएका क्लव र कसोसिएटलाई जनाउनेछ ।
(ज) "अध्यक्ष" भन्नाले वागमती प्रदेश अटोमोवाईल्स एसोसिएसनको अध्यक्षलाई सम्झनु पर्दछ ।
(झ) "उपाध्यक्ष" भन्नाले वागमती प्रदेश अटोमोवाईल्स एसोसिएसनको उपाध्यक्षलाई सम्झनु पर्दछ ।
(ञ) "सचिव" भन्नाले वागमती प्रदेश अटोमोवाईल्स एसोसिएसनको सचिवलाई सम्झनु पर्दछ ।
(ट) "कोषाध्यक्ष" भन्नाले वागमती प्रदेश अटोमोवाईल्स एसोसिएसनको कोषाध्यक्षलाई सम्झनु पर्दछ।
(ठ) "सदस्य" भन्नाले वागमती प्रदेश अटोमोवाईल्स एसोसिएसनको सदस्यलाई सम्झनु पर्दछ । पछि सो शव्दले एसोसिएसनको अध्यक्ष, उपाध्यक्ष, सचिव, सचिय र कोषाध्यक्ष समेतलाई जनाउनेछ ।
(ड) "साधारण सदस्य" भन्नाले वागमती प्रदेश अटोमोवाईल्स एसोसिएसनको साधारण सदस्यता प्राप्त गरेको व्यक्तिलाई सम्झनुपर्दछ ।

Scanned with CamScanner

(ढ) "प्रशिक्षक" भन्नाले बागमती प्रदेश अटोमोवाईल्स एसोसिएसनले मान्यता प्रदान गरेका अटोमाबाईल्स खेलका प्रशिक्षकलाई सम्झनुपर्दछ ।
(ण) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यस विधान अन्तर्गत बनेको नियम विनियम वा केन्द्रिय कार्यसमितिले तोकिए बमोजिमलाई सम्झनुपर्दछ ।
(त)"टेक्निकल कमिसन" भन्नाले विश्व महासंघहरु तथा नेपाल अटोमावाईल्स एसोसिएसन र यस सघबाट अख्तियारी प्राप्त निर्णायक, प्रावीधिक तथा एथलेट्सहरु समेत रहेको टेक्निकल कमिसनलाई बुझाउनेछ । यो कमिसन सयोजक-१(एक) तथा सचिव-१ (एक) समेत गरी अधिकतम ५ (पाँच) सदस्यीय हुनेछ ।"

## परिच्छेद - २
## (एसोसिएसनको स्थापना र उद्देश्य)

### ३. एसोसिएसनको स्थापना:

(१) अन्तर्राष्ट्रिय महासघहरु (FIA, FIM, Global Alliance & UIM) तथा नेपाल अटोमावाईल्स एसोसिएसन (NASA Nepal) को दिग्दर्शन एवं मूल विधान बमोजिम दफा (२) अर्न्तगत रही प्रचलित नेपाल कानून र बागमती प्रदेश खेलकुद विकास परिपद्को नीति निर्देशनको अधिनमा रही अटोमावाईल्स खेल र व्यवसायको समेत विकास र विस्तार गर्न बागमती प्रदेश खेलकुद विकास परिषद्मा दर्ता गरी नेपालीमा "बागमती प्रदेश अटोमोवाईल्स एसोसिएसन" र अंग्रेजीमा NASA Nepal Bagmati को स्थापना गरिएको छ ।

(२) बागमती प्रदेश अटोमोवाईल्स एसोसिएसनको कार्यसमितिमा देहाय बमोजिम बढिमा १५ सदस्यहरु रहनेछन्।

(क) अध्यक्ष १ (एक) जना
(ख) उपाध्यक्ष ३ (तीन) जना
(ग) सचिव २ (दुइ) जना
(घ) कोषाध्यक्ष १ (एक) जना
(ङ) सदस्य ८ (आठ) जना

(च) तत्कालिन बागमती प्रदेशबाट मोटरस्पोर्टसको विजेता पुरुष र महिला मध्येबाट एक-एक जना बागमती प्रदेश अटोमोवाईल्स एसोसिएसनको कार्यसमितिमा पदेन सदस्य हुनेछन् ।

(छ). बागमती प्रदेश अटोमोवाईल्स एसोसिएसनको निवर्तमान अध्यक्ष स्वत: बागमती प्रदेश अटोमोवाईल्स एसोसिएसन कार्यसमितिको पदेन सदस्य हुनेछन् ।

(३) उपदफा (१) बमोजिम गठन हुने प्रदेश कार्य समितिको अध्यक्ष १ (एक), उपाध्यक्ष १ (एक), सचिव १ (एक), कोषाध्यक्ष १ (एक), र सदस्यहरु ३ (तीन) जना प्रदेश एसोसिएसनको साधारण सभाबाट निर्वाचित हुनेछ । कार्यसमितिमा कम्तिमा २ जना महिला हुनुपर्नेछ ।

(४) प्रदेश एसोसिएसनको उपदफा (१) बमोजिम गठन हुने कार्य समितिका लागि प्राविधिक जनशक्तिको रुपमा उपाध्यक्ष-१, सचिव-१ केन्द्रिय संघले र उपाध्यक्ष-१, सदस्य-३ जना निर्वाचित कार्यसमितिको बैठकले मनोनयन गर्नेछ भने २ जना सदस्य बागमती खेलकुद परिषद्बाट मनोनयन गरिनेछ ।

(५) उपदफा (४) बमोजिम मनोनित हुने पदाधिकारी एव सदस्यहरुमा समाजका प्रतिष्ठित व्यक्तित्व, प्राविधिक, बुद्धिजीवी, समाजसेवी तथा यस विधानमा आस्था राखि सम्बन्धित क्षेत्रमा योगदान दिने व्यक्तिहरु मध्येबाट मनोनयन गर्नुपर्नेछ ।

(६) कार्य समितिमा उपदफा (३) बमोजिम कुनै महिला प्रतिनिधि निर्वाचित भई आउन नसकेको अवस्थामा उपदफा (४) बमोजिम मनोनित गर्दा महिला सदस्यलाई प्राथमिकता दिनु पर्नेछ ।

(७) जिल्ला तथा पालिका स्तर एसोसिएसनको गठन गर्ने अवस्थामा एसोसिएसनको स्वीकृति लिनुपर्नेछ ।

Province Sports Development Council

Scanned with CamScanner

(८) बागमती प्रदेश अटोमोबाईल्स एसोसिएसनका निर्वाचित तथा मनोनित सदस्यहरुको पदावधि ४ वर्षको हुनेछ। मनोनित सदस्यहरुको पदावधिको गणना निर्वाचित सदस्यहरु वहाल भएकै मिति देखि शुरु भएको मानिनेछ।

## ४. उद्देश्य:

(१) प्रचलित ऐन कानून र बागमती खेलकुद परिषद्को नीति निर्देशनमा रही सम्बन्धित निकायहरुसँग समन्वय राखी काम गर्ने गरी यस संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ।

क) मोटरस्पोर्टस, मोटरसाईक्लिड स्पोर्टस, कार्टस र इ-स्पोर्टस खेलप्रति सर्वसधारणको रुची अभिवृद्धि गर्ने।

ख) पावरबोटीड र इस्टीमर लगाएतका मोटर र इन्जिन बाट सञ्चालन हुने पानीजन्य सम्पूर्ण खेलकुदको विकास गर्ने। विभिन्न प्रतियोगीता, तालीम तथा इभेन्टको आयोजना गर्ने गराउने।

ग) मोटरस्पोर्टस, मोटरसाईक्लिड स्पोर्टस, मोटरबोट, जेटस्की र इस्टीमर, कार्टस, खेलको समग्र विस्तार र समुचित विकासको लागी प्रादेशीक तथा राष्ट्रिय रुपमा सकृय रहने।

घ) मोटरस्पोर्टस, मोटरसाईक्लिड स्पोर्टस, कार्टस, खेलको स्तर वृद्धिगर्ने प्रशिक्षणहरु संचालन गराउने।

ङ) मोटरस्पोर्टस, मोटरसाईक्लिड खेलका विभिन्न स्तर र तहका प्रतियोगिता संचालन गर्ने गराउने र रेसीङ्ग ट्र्याकहरुको सञ्चालन गर्ने।

च) ई-स्पोर्टस, रेसिड, र्‍याली तथा टुरिड लगायतका विभिन्न इभेन्टहरुको आयोजना गर्ने।

छ) मोटर, मोटरसाईकल, कार्टस तथा अटो स्पोर्टससंग सम्बन्धित खेलाडी, प्राविधिक तथा अफिसीयलहरुको हकहित तथा बृत्ति विकासको लागी कार्य गर्ने।

ज) मोटर स्पोर्टससंग सम्बन्धीत सबै खेल माध्यमद्वारा पर्यटकीय प्रवर्द्धनमा सक्रिय रहने।

झ) नेपाललाई विश्वकै साहासिक र सबै किसीमका मोटरस्पोर्टस तथा टुरिड खेलको केन्द्रको रुपमा विकास गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगीता गर्ने र खेलाडी, प्रशिक्षक तथा पदधिकारीको सहभागिता गराउने।

ञ) अटोमोवाइल, स्पोर्टस, वातावरण तथा महिला सशक्तिकरणको क्षेत्रमा अध्ययन अनुशन्धान गर्ने।

ट) मोटरिड खेलको लागी आवश्यक भौतिक पूर्वाधार र प्राविधिक जनशक्तिको विकास, विस्तार गर्न सबै तहको सरकारी निकाय तथा साझेदारहरु संग सहकार्य गर्ने।

ठ) अटोमोबाइल्स क्षेत्रको व्यवसाहिक र पेशागत उन्नतिको लागी कियाशील रहदै राष्ट्र तथा प्रदेशको आर्थिक सामाजिक विकासमा पतिवद्ध रहने वृद्धि गर्ने।

ड) शाहासिक खेल र अटोमोवाइलसँग सम्बन्धीत संघसंस्था एकिकृत गरी सामूहिक रुपमा कार्य गर्ने।

ढ) अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम साहसिक तथा मोटरिड खेलको प्रशिक्षण तालिम, गोष्टी, सेमीनार प्रतियोगिता संचालन गरी गराई अन्तर्राष्ट्रिय स्तरको खेलाडी तथा प्रशिक्षक उत्पादन गर्ने गराउने।

ण) बागमती प्रदेशलाई मोटरिड खेलको नेपालकै केन्द्रको रुपमा स्थापित गर्ने।

त) सडक र यातायात, शाहासिक खेलकूद तथा मोविलिटि सम्बन्धि क्लवहरुलाई आवद्धता गर्दै केन्द्रिय एसोसिएसनको विधान अनुसार परिचालन गर्ने।

थ) प्रकृती वातावरण तथा पर्यटन क्षेत्रका एसोसिएसन, संस्था तथा निकाय संग सहकार्य गर्दै खेलकुद पर्यटन, प्रकृती र वातावरणको विचमा संयोजन गर्ने।

द) एसोसिएसनको लागी वुलेटिन, पुस्तक, पत्रिका, वेइभसाइट तथा सोसीएल मिडियाहरु संचालन गर्ने।

ध) एसोसिएसनलाई आत्मनिर्भर गराउन आर्थिक सहयोग तथा अन्य सहयोगका लागी राष्ट्रिय, अन्तराष्ट्रिय साझेधार तथा कार्यक्रमको बन्दोबस्त गर्ने गराउने।

न) सडक सुरक्षाका लगायतका अन्य सामाजिक उत्तरदायित्वका कार्यहरु गर्दै, ट्राफिक सम्बन्धी जनचेतना जगाउँदै सुरक्षित सडक र जिम्मेबार सवारीका लागि अभियान चलाउने।

प) सवारी प्रदुषण नियन्त्रण र वैकल्पिक इन्धन सम्बन्धी चेतनामूलक कार्य गर्ने र तालिम लिने दिने।

फ) प्रशिक्षण केन्द्र सन्चालन गर्ने र सदस्यहरुलाई ड्राईभिड तालीम दिने, ड्राइभर्स तथा राइडर्सहरुलाइ लाईसेन्स वितरण गर्ने।

Province Sports Development Council

Scanned with CamScanner

व) अटोमोवाइल, साहसिक खेलकुद तथा मोविलिटी र ड्राइभ टुरीजम र दु-ह्वील टुरिङ्ग सम्वन्धि संघसंस्था क्लब तथा कर्पोरेट क्षेत्रलाई आवद्धता गर्ने ।
भ) ड्राइभ टुरिजम, आन्तरिक तथा बाह्य पर्यटन प्रर्वद्धन गर्दै मोविलिटी सम्वन्धि कार्य संचालन गर्ने ।
म) सडक सुरक्षाका अध्ययन अनुसन्धान लगायात अन्य सामाजिक उत्तरदायित्वका कार्यहरु गर्ने ।
य) ट्राफिक सम्वन्धि जन चेतना जगाउदै सुरक्षित सडक र जिम्मेवार सवारीको लागि अभियान चलाउन सरकारी, गैर सरकारी निकायसंग सहकार्य गर्ने ।
र) सवारी प्रदुषण नियन्त्रण र वैकल्पिक इन्धन सम्वन्धि चेतना मूलक कार्य गर्ने ।
ल) प्रशिक्षण केन्द्र संचालन गर्ने तथा सदश्यहरुलाई (खेलाडी) ड्राइभिङ्ग लाइसेन्स वितरण गर्ने ।
व) फरक क्षमता र अपांगता भएका व्यक्तिहरुको लागि समेत सहभागीता सुनिश्चित गरिनेछ ।
स) एसोसिएसनको उद्देश्य प्राप्तिका लागी केन्द्रिय संघको समन्वय, सुपरीवेक्षण र निर्देशनमा रही आवश्यक अन्य कार्यहरु गर्ने गराउने ।
ष) खेलकुद, वातावरण र अटोमोबाइल क्षेत्रको व्यवसायिक संघ संस्थाको साझा सङ्गठनको रुपमा कार्य गर्ने।
श) राष्ट्रिय खेलकुद विकास ऐन २०७७ र राष्ट्रिय खेलकूद नियमावली तथा प्रदेश खेलकुद विकाप परिषद्को निती कार्यक्रम कार्यान्वयन र पालनामा प्रतिवद्ध रहने ।

## ५. एसोसिएसन संगठित संस्था हुने:

(१) एसोसिएसन अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।
(२) एसोसिएसनको सबै कामकारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।
(३) एसोसिएसनले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, वेचविखन गर्न वा अन्य किसिमको व्यवस्था गर्न सक्नेछ ।
(४) एसोसिएसनले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र एसोसिएसन उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।
(५) एसोसिएसनको आफ्नो छुट्टै झण्डा हुनेछ । एसोसिएसनको झण्डा र छाप अनुसुची १ मा उल्लेख भए बमोजिम हुनेछ
(६) बागमती प्रदेश अटोमोवाईल्स एसोसिएसनको छाप (लोगो) अनुसुची १ अनुसार हुनेछ ।

## ६. एसोसिएसनको कार्यालय:

(१) एसोसिएसनको मुख्य कार्यालय बागमती प्रदेशको हेटौंडा या चितवन या तोकिएको स्थानमा रहनेछ ।
(२) एसोसिएसनले अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

## ७. एसोसिएसनको बैठक:

(१) एसोसिएसनको वैठक अध्यक्षको परामर्श लिई सचिवले बैठक बस्ने मिति, समय र स्थान खोली कम्तीमा ७ दिन अगाडी जानकारी दिनुपर्नेछ । एसोसिएसनको वैठक कम्तिमा ६ महिनामा एक पटक बस्नु पर्नेछ।
(२) एसोसिएसनको कार्यसमितिको बैठक कूल सदस्य संख्याको ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ, पहिलो पटक गणपुरक संख्या नपुग भएमा दोश्रोपटक ३३ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ तर दोश्रो पटक पनि गणपुरक संख्या नपुग भएमा तेश्रो पटक उपस्थित सदस्य संख्यालाई नै गणपुरक संख्या मानिनेछ
(३) अध्यक्षको अनुपस्थितिमा बरिष्ठ तम उपाध्यक्षले वैठकको अध्यक्षता ग्रहण गर्नेछ ।
(४) एसोसिएसनको वैठकमा बहुमतको राय मान्य हुनेछ । मत बराबर भएको अवस्थामा अध्यक्षतामा गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।
(५) एसोसिएसनको निर्णय पुस्तिकामा अध्यक्ष र सचिवले प्रमाणित गर्नु पर्नेछ ।
(६) एसोसिएसनको वैठक सम्वन्धित अन्य कार्यविधि एसोसिएसन आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

Province Sports Development Council

Scanned with CamScanner

**८. जिल्ला एसोसिएसनको गठन:**

(१) बागमती प्रदेश अटोमोबाईल्स एसोसिएसनकोमातहतमा रहने गरी जिल्ला अटोमाबाईल्स एसोसिएसनको गठन गरिनेछ *(तर जिल्ला एसोसिएसन भएको अवस्थामा मात्र )* देहायका पदाधिकारी तथा सदस्य रहनेछन:

(क) अध्यक्ष १ (एक) जना

(ख) उपाध्यक्ष ३ (तीन) जना

(ग) सचिव २ (दुइ) जना

(घ) कोषाध्यक्ष १ (एक) जना

(ङ) सदस्य ८ (आठ) जना

(२) उपदफा (१) बमोजिम गठन हुने जिल्ला एसोसिएसनको अध्यक्ष-१, उपाध्यक्ष-१, सचिव-१, सह-सचिव-१, कोषाध्यक्ष-१ र सदस्य-६ जना प्रदेश सभाद्वारा निर्वाचित हुनेछन्।

(३) उपदफा (२) बमोजिम निर्वाचित भई बाँकी रहेको सदस्य-१(एक) कार्यसमितिको सहमतिमा अध्यक्षले मनोनयन गर्नेर बाँकी १ (एक) सदस्य जिल्ला खेलकुद परिषद् वा समितिले मनोनित गर्नेछ।

(४) जिल्ला एसोसिएसनमा मनोनीत वा निर्वाचित जुनसुकै प्रक्रियाबाट भएपनि कम्तिमा २ जना महिला हुनु अनिवार्य छ।

(५) जिल्ला एसोसिएसनको कार्य समितिमा निर्वाचित वा मनोनीत सदस्यको पदावधि ३ वर्षकोहुनेछ। मनोनीत पदाधिकारी तथा सदस्यहरुको पदावधिको गणना निर्वाचीत सदस्यहरु बहाल भएकै मिति देखि शुरु भएको मानिनेछ।

(६) जिल्लाएसोसिएसनको काम, कर्तव्य र अधिकार केन्द्रिय कार्य समितिले तोके बमोजिम हुनेछ।

(७) जिल्ला एसोसिएसनहरु गठन वा निर्वाचन गर्दा बागमती प्रदेश अटोमोवाईल्स एसोसिएसनले तोकेको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ।

(८) जिल्ला एसोसिएसनको तदर्थ समितिले निर्वाचन तथा साधारण सभा ६ महिनाभित्र सम्पन्न गरीसक्नु पर्नेछ।

## परिच्छेद - ३
## (साधारण सभा)

**९. प्रदेश साधारण सभा:**

प्रदेश एसोसिएसनको प्रदेश सधारण सभा देहाय बमोजिमका सदस्यहरू रहने गरी गठन हुनेछ :

(१) प्रदेश एसोसिएसनका वर्तमान कार्य समितिका पदाधिकारी र सदस्यहरू जसले तदर्थ समितिलाई समेत जनाउनेछ।

(२) प्रदेश अन्तरगतका साधारण सदस्य, आजिवन सदस्य, कर्पोरेट तथा एसोसीएट सदश्य मध्ये बाट ५ जना।

(३) समवन्धित प्रदेश भीत्र दर्ता भई केन्द्रिय एसोसिएसनले मान्यता दिएका क्लब, कर्पोरेट तथा एसोसीएट संघसंस्था तर्फवाट एक महिला सहित ३/३ जना

(४) समवन्धित प्रदेश भित्र रहेका रहेका जिल्ला एसोसिएसनका १ महिला सहित ३/३ जना प्रतिनिधि, तर यो व्यवस्था जिल्ला एसोसिएसन गठन भएको अवस्थामा मात्र लागु हनेछ।

(५) साधारण सभाको सदस्यता प्राप्त गर्न सम्बन्धित प्रदेशको बासिन्दा वा कम्तीमा ३ वर्ष अघिदेखि सोही प्रदेशमा पेशा व्यवसाय संञ्चालन गरि बसोवास गरेको हुनुपर्नेछ। आवश्यक परेको खण्डमा कानून बमोजिमका निस्सा वा प्रमाण पेश गर्नुपर्नेछ।

(६) प्रदेश एसोसिएसनका वर्तमान कार्यसमिति पुन निर्वाचित हुन नसकेमा उक्त पद स्वत: निस्कृय भएको मनिनेछ।

(७) प्रदेश साधारणसभा सदस्यलाई प्रदेश एसोसिएसनको साधारण सभामा भाग लिने र मतदान गर्ने अधिकार हुनेछ तर, निर्वाचित प्रदेश कार्य समितिका मनोनित पदाधिकारी वा सदस्यहरूले कुनै पनि पदमा उमेदवारी दिन पाईने छैन।

Scanned with CamScanner

(८) साधारण सभा सदस्यको सदस्यता एसोसिएसनले तोकेको समयभित्र नविकरण नगरिएमा सदस्य समाप्त भएको मानिने छ।

(९) मोटरस्पोर्टस नेपाल र विश्वकै सन्दर्भमा आम खेल नभै विशेष, शाहसीक र चुनौतीपुर्ण खेल भएक हुदा विशेष खेलको रुपमा रहेको हुदा (खेलकुद विकास ऐन २०७७ दफा ८ ग) अनुसार सिधै प्रदे एसोसिएसन गठन गरीनेछ।

## १०. साधारण सभाको काम, कर्तव्य र अधिकार:

(क) बागमती प्रदेश अटोमोवाईल्स एसोसिएसनको साधारण सभा सामान्यतया: २(दुई) वर्षमा १(एक) पटक बस्नेछ। तर कार्य समितिले विशेष साधारण सभा बोलाउन वा यस विधान बमोजिम अन्य विशेष साधारण सभा बस्नलाई यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन।

(ख) साधारण सभाका सदस्यहरु मध्येएक चौथाईले कुनै विषयमा साधारण सभा बोलाईयोस् भनी लिखित अनुरोध गरेमा एसोसिएसनले १(एक) महिना भित्र विशेष साधारण सभा बोलाउन सक्नेछ।

(ग) एसोसिएसनले वार्षिक साधारण सभा बस्ने सम्बन्धमा कम्तिमा २१ दिन अगावै वा विशेष साधारण सभा बस्ने सम्बन्धमा कम्तिमा ७ दिन अगावै सूचना दिई वार्षिक वा विशेष साधारण सभा बोलाउन सक्नेछ

(घ) साधारण सभामा कम्तीमा ५१ प्रतिशत सदस्यको उपस्थित भएपछि साधारण सभाको गणपुरक संख्या पुगेको मानिनेछ। पहिलो पटक गणपुरक संख्या नपुगभएमा दोश्रो पटक ३३ प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ तर दोश्रो पटक पनि गणपुरक संख्या नपुग भएमा तेश्रो पटक उपस्थित साधारण सभा सदस्य (प्रतिनिधि) संख्यालाई नै गणपुरक संख्या मानिनेछ।

(ङ) साधारण सभाको प्रतिनिधित्व अध्यक्षले र निजको अनुपस्थितीमा बरिष्ठ उपाध्यक्षले गर्नेछ

(च) साधारण सभामा निर्णयको लागि प्रस्तुत गरिने निर्णय कार्यसमितिले प्रस्तावका रुपमा पेश गर्नुपर्नेछ।

(छ) निर्वाचन बाहेक पक्षविपक्षमा मत दिँदा साधारणतया हात उठाई गर्न सकिनेछ। आवश्यक परेमा गोप्य मतदान पनि गर्न सकिनेछ। मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(ज) साधारण सभामा उपस्थित सदस्यहरुकोबहुमतको रायलाई साधारण सभाको निर्णय मानिनेछ। त्यस्तो निर्णय सभाको अध्यक्षता गर्ने व्यक्ति र साधारण सभाको प्रतिनिधिबाट प्रमाणित गरिनेछ।

(झ) निणर्य पुस्तिकामा साधारण सभाको निर्णय अभिलेख राखिनेछ।

(ञ) साधारण सभामा कार्य समितिले प्रस्तुत गरेको एजेण्डामा छलफल र निर्णय हुनेछ।

(ट) यस विधानमा तोकिए बमोजिम कार्यसमितिको पदाधिकारी तथा सदस्यहरुको निर्वाचन गन,।

(ठ) लेखापरिक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने।

(ड) लेखापरिक्षकको प्रतिवेदन छलफल गरि निर्णय गर्ने।

(ढ) वार्षिक कार्यक्रम र बजेट पारित गर्ने।

(ण) अविश्वासको प्रस्ताव आएका बखत सो उपर छलफल र निर्णय गर्ने। अविश्वासको प्रस्ताव पारित भएमा नयाँ निर्वाचन नहुन्जेल सम्मको लागि तदर्थ समिति गठन गर्ने।

(त) साधारण सभाका सदस्यहरुले ३ दिन अगावै सभामा छलफलको लागि प्रस्तुत गरेको प्रस्ताव कार्यसमिति मार्फत साधारण सभामा प्रस्तुत गरिनेछ। सो प्रस्ताव उपर साधारण सभाले निर्णय लिन सक्नेछ। तर, त्यस्तो प्रस्तावको माध्यमबाट अविश्वासको प्रस्ताव दर्ता गर्न पाइने छैन।

(थ) विधान संसोधनका लागि साधारण सभामा प्रस्ताव प्रस्तुत भएमा साधारण सभामा उपस्थित सदस्यको दुई तिहाई सदस्यको मतद्धारा पारित भएमा मात्र सो संसोधन प्रस्ताव स्वीकृत भएको मानिनेछ।

(द) कार्यसमितिलाई आवश्यकता अनुसार निर्देशन दिने तथा समसामयिक विषयमा विभिन्न प्रस्तावहरु पारित गर्न सकिनेछ।

(ध) एसोसिएसनको उद्देश्य कार्यान्वयन गर्ने सम्बन्धमा उपयुक्त र आवश्यक कार्य गर्न गराउन सकिनेछ,।

(न) साधारण सभाको सचिवालयको काम कार्यसमितिको सचिवालय वा कार्यालयबाट गरिनेछ।

Scanned with CamScanner

(ण) अटोमाबाईल्स व्यवसायी र खेलकर्मीको विकास र विस्तारको लागि देखा परेका समस्या समाधानका लागि कार्यहरु गर्ने, गराउने, त्यसका लागि सम्बन्धित निकायबाट सहयोग माग गर्ने ।
(त) सम्बन्धित सभा सम्मेलनमा भाग लिन प्रतिनिधि पठाउने र स्वयं तालिम,सभा, सेमिनार गोष्ठि गर्ने ।
(थ) प्रचलित ऐन कानुन, केन्द्रिय एसोसिएसन तथा प्रदेश खेलकूद परिषद मार्फत प्रकृया पुरा गरी अन्तर्राष्ट्रिय स्तरको प्रतियोगिता र कार्यक्रम गर्ने र सहभागीता गर्ने गराउने ।
(ध) आवश्यकता अनुसार वैतनीक तथा अवैतनिक कर्मचारीहरु नियुक्त गर्ने ।
(न) एसोसिएसनले गर्नु पर्ने विभिन्न खेलकूद सम्बन्धि कार्यकालागि विभिन्न उपसमितिहरु गठन गर्ने र तिनीहरुको काम, कर्तव्य र अधिकार तथा पदावधि तोक्ने ।
(प) एसोसिएसनको सदस्यता शुल्क तोक्ने, सदस्यता शुल्कमा थप गर्न यसले बाधा पुऱ्याएको मानिने छैन।
(फ) एसोसिएसनको उद्देश्य प्राप्तिका लागि आवश्यक अनुसांगिक र प्रासंगिक कामहरु गर्ने गराउने ।
(ब) मातहतका एसोसिएसन एवं निकायहरुलाई निर्देशन दिने तथा अनुशासनात्मक कारवाही गर्ने ।
(भ) अटोमेबाईल्स खेलसँग सम्बन्धित खेलकूद क्लब तथा संस्थाहरुलाई आवद्धता प्रदान गर्ने ।
(म) जिल्ला अटोमाबाईल्स एसोसिएसन तदर्थ समिति गठन वा निर्वाचन गर्नका प्रतिनिधि पठाउने ।
(य) कार्यसमितिमा बहुपद भएका पदाधिकारी तथा सदस्यहरुको मर्यादाक्रम निर्धारण गर्ने ।
(२) बागमती प्रदेश अटोमोवाईल्स एसोसिएसनको कार्यसमितिले निम्नानुसार (Commission) आयोगहरु गठन गर्न सक्ने छ । (क) अनुशासन, (ख) योजना तथा अनुगमन, (ग) प्रचारप्रसार तथा प्रकाशन, (घ) आर्थिक तथा जिन्सी सामाग्री, (ङ) महिला, (च) विद्यालय खेलकुद (छ) विशेष खेलकुद, (ज) संगठन (झ) प्रशिक्षक तथा प्रशिक्षण । प्रत्येक आयोग संयोजक १(एक) र सचिव १(एक) सहित ५ सदस्सीय हुनेछ । आयोगको काम, कर्तव्य, अधिकार र पदावधि नियमावली बमोजिम हुनेछ ।

## परिच्छेद - ५
## (पदाधिकारीको काम, कर्तव्य र अधिकार)

### १३. अध्यक्षको काम, कर्तव्य र अधिकार:
(१) एसोसिएसनको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
(क) साधारण सभा र कार्य समितिको बैठकको अध्यक्षता गर्ने ।
(ख) एसोसिएसनको साधारण सभा तथा कार्य समितिको निर्णय कार्यान्वयन भए नभएको सम्बन्धमा मूल्यांकन तथा निरिक्षण गर्ने र आवश्यक निर्देशन दिने ।
(ग) अध्यक्षको हैसियतले गर्नु पर्ने दैनिक कार्यहरु गर्ने ।
(घ) अटोमाबाईल्स खेलको विकासको लागि परिषद्र नेपाल अटोमाबाईल्स एसोसिएसनसँग निकटतम सम्पर्कमा रही काम गर्ने गराउने ।
(ङ) बैठकमा मत बराबर भएमा निर्णायक मत प्रदान गर्ने ।
(च) एसोसिएसनलाई नेतृत्व प्रदान गर्ने ।
(२) एसोसिएसनको उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
(क) अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने सबै कार्यहरु गर्ने ।
(ख) कार्यसमिति तथा अध्यक्षले प्रत्यायोजन गरेका अन्य कार्यहरु गर्ने गराउने ।
(ग) विषयगत क्षेत्रका समन्वय र परिचालन गर्ने ।
(३) एसोसिएसनको सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
(क) अध्यक्षसँग परामर्श गरी कार्य समितिको बैठक बोलाउने र कार्य समितिको निर्णय बमोजिम साधारण सभा बोलाउने ।
(ख) कार्यसमितिको बैठकमा छलफलका लागि एजेण्डाहरु प्रस्तुत गर्ने ।
(ग) कार्यसमितिको निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।
(घ) निर्णय पुस्तिका राख्ने र एसोसिएसनको व्यवस्था गर्ने गराउने ।

Province Sports Development Council

Scanned with CamScanner

**११. निर्देशिका लागू गर्न सक्ने:**

(१) बागमती प्रदेश अटोमोवाईल्स एसोसिएसनको कार्यसमितिले कार्यसमितिको काम, कर्तव्य र अधिकार सम्बन्धमा छुट्टै निर्देशिका बनाउन सक्नेछ। तर केन्द्रिय एसोसिएसनको उद्देश्य विपरित कुनै काम भए गरेको लागेमा त्यस्तो जिल्ला तथा पालिका साधारण सभा, जिल्ला तथा पालिका कार्य समितिको काम, कर्तव्य र अधिकार निलम्बित गर्न यस धाराले बाधा पुऱ्याएको मानिने छैन।

**परिच्छेद - ४**
**(कार्यसमितिको काम, कर्तव्य र अधिकार)**

**१२. कार्यसमितिको काम, कर्तव्य र अधिकार:**

(१) प्रचलित ऐन कानून तथा बागमती प्रदेश खेलक'द विकास परिषद्को निर्देशनको अतिरिक्त बागमती प्रदेश अटोमाबाईल्स एसोसिएसनको कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) एसोसिएसनकोकार्य समितिले गर्ने भनी ऐन, कानून नियम तथा विधान र नियमावलीमा तोकिएको कार्यहरु गर्ने गराउने।

(ख) खेलको विकास र विस्तारमा आवश्यक गतिविधिहरुमा निरन्तर क्रियाशील रहने।

(ग) एसोसिएसनको उद्देश्य प्राप्तिका लागि एसोसिएसनका कार्यहरु सञ्चालन गर्ने गराउने। पालिका, जिल्ला एव प्रदेश स्तरीय प्रतियोगिताहरु आयोजना तथा सञ्चालन गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गर्ने गराउने।

(घ) एसोसिएसनको वार्षिक बजेट तथा कार्यक्रम बनाई साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने।

(ङ) बागमती प्रदेश अटोमोवाईल्स एसोसिएसनका पदाधिकारी (अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष) सम्मले एसोसिएसन र बागमती खेलकुद परिषद्ले आयोजना गरेको कुनै पनि अफिसियल अटोमाबाईल्स प्रतियोगितामा खेलाडी तथा रेफ्रीको रुपमा सहभागीता जनाउन पाईनेछैन।

(च) एसोसिएसनको आर्थिक श्रोतहरु जुटाउन तथा आर्थिक श्रोतहरु एकिन गरी त्यस्ता कार्यक्रमहरु सञ्चालन गर्ने गराउने।

(छ) एसोसिएसनको कर्मचारी, आर्थिक तथा अन्य आवश्यक नियमहरु बनाई साधारण सभामा स्वीकृतीका लागि पेश गर्ने।

(ज) खेलकुदको विकास विस्तारको लागि अन्य खेलकुद एसोसिएसनहरुसँग समन्वय र सम्पर्क राख्ने।

(झ) एसोसिएसनका मातहतका जिल्ला तथा पालिका एसोसिएसनहरु बीच समन्वय गर्ने र आवश्यकता अनुसार निर्देशन दिने।

(ञ) एसोसिएसनका मातहतका जिल्ला तथा पालिका एसोसिएसनहरुका कार्यक्रम सञ्चालन तथा अटोमाबाईल्स खेलको विकासमा सहयोग जुटाउने।

(ट) सदस्यता प्रदान गर्ने सम्बन्धि प्रस्ताव उपर छलफल गर्ने र सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय उपर विवाद आएमा त्यस्तो निर्णय गर्ने र निर्णय बमोजिम गर्न गराउन जिल्ला तथा पालिका कार्यसमितिलाई निर्देशन दिने।

(ठ) एसोसिएसनको वार्षिक लेखा परिक्षण गराउने र आर्थिक रुपमा सबल र स्वबलम्बन बनाउने।

(ड) अटोमाबाईल्स खेलको विकास विस्तार सम्बन्धमा बागमती खेलकुद परिषद् तथा प्रदेश सरकार एवं राष्ट्रिय खेलकुद परिषद् तथा नेपाल सरकारलाई राय, सल्लाह र सुझाव दिने। एसोसिएसनको उद्देश्य प्राप्त गर्ने सम्बन्धमा बागमती खेलकुद परिषद् तथा प्रदेश सरकार एवं राष्ट्रिय खेलकुद परिषद् तथा नेपाल सरकारले दिएको निर्देशन पालना गर्ने गराउने।

(ढ) अटोमाबाईल्स खेलाडी, प्रशिक्षक तथा आर्विटरहरुको रेकर्ड राख्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरुको हित र कल्याणका लागि सक्दो सहयोग पुऱ्याउने कार्यक्रम लागू गर्दै जाने

Province Sports Development Council

Scanned with CamScanner

**२. एसोसिएसनको आजिवन सदस्यता देहायको आधारमा प्रदान गरिनेछ :**
क) एसोसिएसनले तोकेको आजिवन सदस्यको शुल्क बुझाउने व्यक्ति ।
ख) अटोमोवाइल समवन्धि खेलकुदसंग महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्तिलाई एसोसिएसनको केन्द्रिय कार्य समितिले आजिवन प्रदान गर्न सक्नेछ ।
ग) आजिवन सदस्यता शुल्क केन्द्रिय एसोसिएसनले कायम गरे बमोजिम हुनेछ । तर उपदफा २ (ख) बमोजिम आजिवन सदस्यता प्रदान गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।
घ) केन्द्रिय एसोसिएसनले आजिवन शुल्क थप वा घट गर्न सक्नेछ ।
ङ) प्रदेश एसोसिएसनले आजीवन सदस्यता सिफारीस गर्न सक्नेछ ।

**३. एसोसिएसनको मानार्थ सदस्यता देहायको आधारमा केन्द्रिय कार्य समितिले प्रदान गर्न सक्नेछ :**
क) अटोमोवाइल समवन्धि खेलमा धेरै लामो समयदेखि सेवा पुऱ्याउदै आएका व्यक्ति वा संस्था ।
ख) अटोमोवाइल समवन्धि खेलका लागि कुनै विशिष्ट योगदान पुऱ्याएका व्यक्ति ।
ग) मानार्थ सदस्य स्वेदशी वा विदेशी व्यक्ति वा संस्था जोसुकैलाई पनि प्रदान गर्न सकिनेछ ।
घ) मानार्थ सदस्यता प्रदान गर्दा कुनै शुल्क लिईने छैन ।
ङ) स्वदेशी नागरिक बाहेकका मानार्थ सदस्यलाई मतदान गर्ने अधिकार हुनेछैन ।

**४. एसोसिएसनको एशोसियट सदस्यता देहायका व्यक्ति वा संस्थालाई प्रदान गर्न सक्नेछ ।**
क) एसोसिएसनको उद्देश्यसँग सम्बन्धित स्थानीय, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय एसोसिएसन संस्थाहरुलाई ।
ख) एसोसिएसनको एशोसियट सदस्यलाई साधारणसभामा सहभागी हुने अधिकार प्राप्त हुनेछ ।
ग) एसोसीएट सदश्यको अभिलेख केन्द्रिय कार्यलयमा राखीनेछ भने मतदानको अधीकार विधानत केन्द्रिय तथा सम्वन्धित प्रदेशको साधारण सभामा समेतमा हुने छ ।
घ) एसोसीएट सदश्यको शुल्क केन्द्रिय कार्यसमितिले तोकीए बमोजीम हुनेछ ।

**५. एसोसिएसनको कर्पोरेट सदस्यता देहायका व्यक्ति वा संस्थालाई प्रदान गर्न सक्नेछ ।**
क) एसोसिएसनको उद्देश्यसँग सम्बन्धित कर्पोरेट, साझेदार तथा प्रमोटर कम्पनीहरुलाई यो सदश्यता दिन सकीनेछ।
ख) एसोसिएसनको कर्पोरेट सदस्यले साधारणसभामा सहभागी हुन सक्नेछन तर मतअधिकार हुनेछैन ।
ग) कर्पोट सदश्यतको विवरण प्रदेश एसोसिएसनमा समेत रहनेछ भने प्रदेशवाट नविकरण गराउन सकिनेछ।

**६. एसोसिएसनको साधारण तथा आजीवन सदस्यता देहायको आधारमा प्रदान गर्न सकिनेछ :-**
क) अटोमोवाइल समवन्धि खेलकुदप्रतिको रुचि राख्ने व्यक्ति
ख) अटोमोवाइल समवन्धि एसोसिएसनको विधान प्रति आस्था र सम्मान गर्ने व्यक्ति ।
ग) साधारण सदस्यता नेपाली नागरिकलाई मात्र प्रदान गरिनेछ ।
घ) यस विधान तथा सदस्यता सर्म्वन्धि नियमावली बनेको अवस्थामा सो नियमावली र केन्द्रिय कार्य समितिले दिएको निर्देशन समेतका आधारमा प्रदेश एसोसिएसनले साधारण सदस्यता प्रदान गर्न सक्नेछ । तर संस्थागत, कर्पोरेट र मानार्थ सदस्यता केन्द्रिय कार्यसमितिले मात्र प्रदान गर्न सक्नेछ ।
ङ) साधारण सदस्यतालाई जिल्ला एसोसिएसनको सभामा भाग लिने र मतदान गर्ने अधिकार हुनेछ ।
च) साधारण सदस्यता शुल्क बुझाउदा एकमुष्ट रुपमा ४ वर्ष सम्मको बुझाउन सकिनेछ ।
छ) साधारण सदस्यता एसोसिएसनले तोकेको समयभित्र नविकरण नगरिएमा सदस्यता समाप्त हुनेछ ।
ज) सदस्यता प्रदान गर्ने केन्द्रिय कार्यसमितिको अधिकार प्रदेश समितिलाई प्रत्यायोजना गर्न सकीनेछ ।
झ) साधारण सदस्यता शुल्क एसोसिएसनले थप घट गर्ने गरि निर्णय गर्न सक्नेछ ।

Province Sports Development Council

Scanned with CamScanner

ञ) जुन प्रदेशबाट सदस्यता प्राप्तिको लागि आवेदन गरेको हो, सोही प्रदेश एसोसिएसनको सदस्यता कायम रहने गरि सदस्यता प्रदान गरिनेछ । आजिवन, मानार्थ, कर्पोरेट तथा संस्थागत सदस्यहरुको पनि कुन प्रदेशबाट प्रतिनिधित्व गर्ने हो, त्यस्तो सदस्यता प्रदान गर्दा सो सदस्यता रहेको प्रदेश खुलाईनेछ ।

**१५. सदस्य हुन योग्यता:**

(१) देहायका व्यक्ति मात्र सदस्य हुन योग्य हुनेछन्:

(क) १८ वर्ष उमेर पुगेको नेपाली नागरिक तर खेलाडीको हकमा वर्षको बन्देज लगाइने छैन । (१८ वर्ष उमेर नपुगेका खेलाडीलाई मताधिकारको अधिकार छैन् ।

(ख) एसोसिएसन वा एसोसिएसन अर्न्तगतका कर्मचारी नभएका व्यक्ति ।

(ग) मगज नबिग्रिएको व्यक्ति ।

(घ) नैतिक पतन हुने फौज्दारी मुद्दामा अदालतबाट दोषि प्रमाणित नभएको व्यक्ति ।

(ङ) बागमती खेलकुद परिषद् तथा राष्ट्रिय खेलकुद परिषद्का कर्मचारीको हकमा परिषद्ले स्वीकृती प्रदान गरेको हुनुपर्ने ।

**१६. सदस्यताको समाप्ति:**

(१) सदस्यता देहायका अवस्थामा समाप्त हुनेछ:

(क) सदस्यता नविकरण नगरेमा ।

(ख)एसोसिएसनको उद्देश्य विपरित कार्य गरेको भनी सम्वन्धित पालिका अटोमावाईल्स एसोसिएसनको सिफारिसलाई जिल्ला तथा प्रदेशले अनुमोदन गरि नेपाल अटोमावाईल्स एसोसिएसनको केन्द्रिय कार्यसमितिले निर्णय गरेमा । तर पालिका अटोमावाईल्स एसोसिएसनले साधारण सदस्यता समाप्त गर्ने गरी जिल्ला एसोसिएसनमा सिफारीस गर्नुभन्दा पहिले उक्त साधारण सदस्यलाई सफाईको मौका दिनुपर्नेछ ।

(ग) नैतिक पतन देखिने फौज्दारी अपराधमा दोषी प्रमाणित भएमा ।

(घ) बहुलाएमा वा मानसिक असन्तुलन भएको ठहर भएमा ।

(ङ) गैर नेपाली ठहर भएमा ।

(च) राजिनामा दिएमा ।

(छ) साधारण सदस्यको राजिनामा सम्बन्धित पालिकाले बुझ्ने र जिल्ला तथा प्रदेश एसोसिएसनलाई पेश गर्नुपर्नेछ । सो राजिनामा प्रदेश एसोसिएसनको कार्य समितिले स्विकृत गर्नेछ । तर यसको जानकारी नेपाल अटोमावाईल्स एसोसिएसनलाई दिनुपर्नेछ । साधारण सदस्य बाहेक अन्य सदस्यको राजिनामा तथा खारेजी नेपाल अटोमावाईल्स एसोसिएसनले मात्र गर्न सक्नेछ ।

(ज) बागमती खेलकुद परिषद् तथा राष्ट्रिय खेलकुद परिषद्का कर्मचारीको हकमा स्विकृती रद्द गरेमा ।

**१७. कार्य समितिको सदस्यता समाप्त हुने अवस्था:**

(१) वागमती प्रदेश अटोमोवाईल्स एसोसिएसनको कार्य समिति वा जिल्ला तथा पालिका अटोमावाईल्स एसोसिएसनको कार्यसमितिका सदस्यहरुको देहायकोअवस्थामा सदस्यता समाप्त हुनेछ: ।

(क) साधारण सदस्यता नविकरण नगरेमा ।

(ख) एसोसिएसनको उद्देश्य विपरित कार्य गरेको ठहर गरी नेपाल अटोमावाईल्स एसोसिएसनले निर्णय गरेमा, तर त्यस्तो सदस्यलाई एसोसिएसनले सफाइको मौका दिनुपर्नेछ ।

(ग) नैतिक पतन देखिने फौज्दारी मुद्दामा दोषि ठहरीएमा ।

(घ) मानसिक सन्तुलन नभएको वा बहुलाएमा ।

(ङ) सम्वन्धित सदस्य उपर अविश्वासको प्रस्ताव पारित भएमा ।

Scanned with CamScanner

(२) सो नियम, विनियम तथा निर्देशिका केन्द्रिय संघ र परिषद्संग बाझिँएमा स्वत: अमान्य हुनेछ ।
(३) आश्यक नियम, विनियम तथा निर्देशिका नभएको खण्डमा केन्द्रिय संघको नियम, विनियम तथा निर्देशिका स्वत: लागु हुनेछ ।
(३) एसोसिएसनको सदस्यता व्यवस्थित गर्न आवश्यकता परेमा कार्यसमितिले सदस्यता वितरण नियमावली बनाई साधारण सभाको स्विकृति लिई लागू गर्न सक्नेछ ।

**२४. आर्थिक वर्ष:**
एसोसिएसनको आर्थिक वर्ष नेपाल सरकारको आर्थिक वर्ष अनुरुप हुनेछ । इभेन्ट क्यालेन्डरको हकमा वि.सं र इ.सं दुवैलाई मान्यता दिइनेछ ।

**२५. बाधा अड्काउ फुकाउ:**
यस विधानको कार्यान्वियनका लागि कुनै वाधा अड्काउ परेमा केन्द्रिय कार्यसमितिले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकुवा गर्न सकिनेछ । त्यसको जानकारी साधारण सभा वस्दा सभालाई दिनु पर्नेछ ।

**२६. एसोसिएसन मातहत रहने:**
बागमती प्रदेश अटोमोवाईल्स एसोसिएसन प्रदेश खेलकुद ऐन तथा नेपाल अटोमावाईल्स एसोसिएसनको मातहत रहनेछ ।

**२७. एसोसिएसनको विघटन:**
एसोसिएसनको विघटन भएमा यस एसोसिएसनको सम्पूर्ण जायजेथा वागमती प्रदेश खेलकुद विकास परिषद् या केन्द्रिय एसोसिएसनको हुनेछ ।

**२९. खारेजी र बचाउ:**
(१) बागमती प्रदेश अटोमोवाईल्स एसोसिएसनको कार्यसमितिले गरेका कार्यहरु यसैविधान वमोजिम भए गरेको मानिनेछ ।
(२) प्रदेशमा संचालित सम्वन्धित क्लव तथा एसोसिएटहरु केन्द्रिय संघ र यसै संघसँग पनि आवद्ध हुन सक्नेछन्, जसको संचालन सम्वन्धित एसोसिएसन विधानसम्धत हुनुपर्नेछ र नभएमा स्वत: खारेज भएको मानिनेछ ।
(३) यस विधानमा लेखिएका कुराहरु प्रचलित नेपाल र प्रदेश कानूनसँग बाँझिएको हदमा अमान्य हुनेछ ।

**३०. एसोसिएसन झण्डा, छाप तथा लोगो**

Scanned with CamScanner

(६) वार्षिक साधारण सभा बस्ने अवस्था रहेमा अविश्वासको प्रस्ताव त्यस्तो वार्षिक साधारण सभामा पनि पेश गर्न सकिनेछ ।
(७) अविश्वासको प्रस्ताव निर्वाचन भएको दुई वर्ष नबित्दै र एउटा अविश्वासको प्रस्ताव अस्विकृत भएको मिति देखि १ वर्ष नबित्दै अर्को अविश्वासको प्रस्ताव पेश गर्न पाउने छैन ।

## परिच्छेद - ८
## (कोष)

**२०. कोषको सञ्चालन:**

(१) कोषको सञ्चालन एसोसिएसनको अध्यक्ष, सचिव, कोषाध्यक्ष मध्ये दुई जनाको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ । एसोसिएसनको आफ्नो छुट्टै कोष रहनेछ । जसमा देहायका रकमहरु रहनेछन:
(क) बागमती प्रदेश सरकार, नेपाल सरकार वा परिषद्बाट प्राप्त सहयोग वा अन्य रकम ।
(ख) अर्न्तराष्ट्रिय/राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त अनुदान, उपहार र सहयोग ।
(ग) एसोसिएसनको सदस्यता शुल्क, नविकरण शुल्क वा आजीवन शुल्क बाफतको प्राप्त गर्ने रकम ।
(घ) एसोसिएसनले आर्जन गरेको चल अचल सम्पत्ति ।
(३) एसोसिएसनको आयव्यय र हिसाबकिताबको लेखापरिक्षण नेपाल सरकारको स्विकृति प्राप्त लेखा परिक्षकबाट गरिनेछ । तर प्रथम लेखा परिक्षकको नियुक्ति कार्यसमितिबाट हुनेछ । लेखा परिक्षण प्रतिवेदन परिषद् र केन्द्रिय एसोसिएसन तथा सम्वन्धित निकायमा पेश गरिनेछ ।

## परिच्छेद - ९
## (विविध)

**२१. विधान संशोधन:**

(१) यस विधानमा कुनै संशोधन गर्नु परेमा कार्यसमितिले साधारण सभा हुनु भन्दा कम्तिमा ७ दिन अगाडि लिखित सूचना दिई प्रस्तावित गर्नु पर्नेछ ।
(२)प्रस्तावित संशोधन साधारण सभामा उपस्थित सदस्यहरुकोदुई तिहाई मतद्धारा पारित हुनुपर्नेछ ।
(३) साधारण सभाबाट पारित भएको संशोधिन विधान तत्काल लागू हुनेछ ।

**२२. निर्वाचन:**

(१) एसोसिएसनको विधान अनुसार हुने निर्वाचनको लागि बागमती खेलकुद परिषद्, केन्द्रिय संघको स्वीकृति लिनु पर्नेछ ।
(२) एसोसिएसनको अनुरोधमा बागमती खेलकुद परिपद्, केन्द्रिय संघ तथा एक जना स्वतन्त्र विज्ञ सहितको तीन सदसिय निर्वाचन समिति गठन गरिनेछ ।
(३) निर्वाचनको कार्यविधि नबनेसम्म निर्वाचन समितिले निश्चित गरेको कार्यविधि अनुसार निर्वाचन सम्पन्न हुनेछ ।
(४) निर्वाचन विधिवत, स्वतन्त्र र निष्पक्ष सम्पन्न गर्ने उत्तरदायित्व निर्वाचन समितिको हुनेछ ।
(५) निर्वाचन समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

**२३. नियम वा विनियम बनाउने अधिकार:**

(१) साधारण सभाको स्विकृति लिई यस संघको उद्देश्यहरु पूर्ति गर्न कार्यसमितिले आवश्यक नियम, विनियम तथा निर्देशिका बनाउन सक्नेछ ।

Scanned with CamScanner